नमूना कार्यविधि

# आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट र जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

**आदिवासी जनजाति आयोग**

पुल्चोक, ललितपुर

आदिवासी जनजाति आयोग

**नमूना कार्यविधि**

## आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट र जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

नेपालको संविधानमा राज्यको नीति अन्तर्गत सांस्कृतिक विविधता कायम राख्दै बहुभाषिक नीति अवलम्बन गर्ने तथा आदिवासी जनजातिको भाषा, लिपि र संस्कृतिको संरक्षण र प्रवर्धन गर्ने व्यवस्था रहेको छ । पहिचान सहित बाँच्न पाउने अधिकारको सुनिश्चितता, अवसर तथा लाभको विशेष व्यवस्था, सरोकार राख्ने निर्णयमा सहभागी, परम्परागत ज्ञान, सीप, संस्कृति एवं अनुभवलाई संरक्षण र सम्बर्धनको व्यवस्था गरिएको छ । आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ (ज), (ट) र (ण) मा 'आदिवासी जनजाति समुदाय भित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने', 'आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने' र 'आदिवासी जनजाति समुदायको भौतिक अभौतिक संस्कृति संरक्षण र संवर्धनका लागि जीवित सङ्ग्रहालय स्थापना र सञ्चालनार्थ नीति तथा कार्यक्रमको तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने' उल्लेख गरिएको छ । नेपाल सरकारले अनुमोदन गरेका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध (१९६६), विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण सम्बन्धी महासन्धि (१९७२), अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (१९८९), जैविक विविधता सम्बन्धी महासन्धि (१९९२), अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षा सम्बन्धी महासन्धि (२००३) र आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा-पत्र (२००७) लगायतका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र घोषणाहरूमा समेत आदिवासी जनजाति समुदायको भाषा, लिपि, साहित्य, इतिहास, परम्परागत संस्था, ज्ञान, सीप, प्रविधि, कला, संस्कार, संस्कृति आदि मौलिक पहिचानको संरक्षण र सम्बर्धन सम्बन्धी व्यवस्था गरिएको छ ।

हिमाली र पहाडी भेगबाट तराई एवं शहरी क्षेत्रहरूमा व्यापक रुपमा भइरहेको बसाइँसराई, सांस्कृतिक सम्मिश्रण, अन्तरघुलन, आधुनिकीकरण र विश्वव्यापीकरण जस्ता कारक तत्वहरूले गर्दा आदिवासी जनजाति लगायत सबै समुदायको परम्परागत मौलिक संस्कृति लोप हुने अवस्थामा पुगेको छ । परम्परागत ज्ञान, सीप, प्रविधि, कला आदि भौतिक अभौतिक सांस्कृतिक सम्पदाहरू लोप हुनु भनेको आदिवासी जनजाति लगायत सबै समुदायको मौलिक सांस्कृतिक पहिचान लोप हुनु हो । त्यसैले नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ एवं अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र घोषणाहरूमा गरिएको व्यवस्था अनुकूल हुने गरी आदिवासी जनजाति समुदायको परम्परागत संस्कृति संरक्षणका लागि पर्यटन प्रवर्धन र आय आर्जनमा आधारित 'आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट र संघीय तथा प्रादेशिक जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९' को नमूना (Model) तयार पारिएको छ ।

मा. अध्यक्ष

## परिच्छेद १
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम 'आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट र जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय स्थापना सम्बन्धी कार्यविधि, २०७९' रहेको छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) 'आदिवासी जातिजाति नमूना सांस्कृतिक सम्पदा गाउँ' (Indigenous Nationalities Model Cultural Heritage Village) भन्नाले यस कार्यविधि बमोजिम जिल्ला स्तरमा छनौट गरिने आदिवासी जनजाति बाहुल्य परम्परागत मौलिक गाउँबस्तीलाई सम्झनु पर्दछ ।

(ख) 'जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय' (Ethnographic Open air-Living Museum) भन्नाले दफा २२, २३ र २४ बमोजिम संघ र सातै प्रदेशमा स्थापना गरिने सबै जातीय समुदायको संस्कृति झल्काउने खुल्ला र जीवन्त सङ्ग्रहालयलाई सम्झनु पर्दछ ।

(ग) 'समिति' भन्नाले दफा २०, २७ र २८ बमोजिमको आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ र जातीय खुल्ला-जीवन्त सङ्ग्रहालयको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ
## छनौटका आधार र प्रक्रिया

३. आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ छनौटका आधारहरूः

(क) आदिवासी जनजातिका एउटै जाति वा समुदायको बाहुल्यता भएको परम्परागत वासस्थान संरचना (architecture) सहितको गाउँवस्ती हुनुपर्ने ।

(ख) विशिष्ट सामाजिक संरचना, परम्परागत संस्था, संस्कृति, भेषभूषा, शिल्पकला, मौलिक रीतिरिवाज, चाडवाड, संस्कार एवं प्रदर्शनीकला जीवन्त रहेको गाउँ ।

(ग) परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानमा आधारित जैविक (organic) उत्पादन प्रणाली ।

(घ) मातृभाषा अभ्यासमा रहेको वा वडा कार्यालयले मातृभाषा संरक्षण योजना तथा कार्यक्रम राखेको गाउँ ।

(ङ) सांस्कृतिक पर्यटन गाउँको रुपमा छनौट र विकास गर्नका लागि आवश्यक मापदण्ड पूरा भएको । जस्तैः- पर्यटकलाई आकर्षित गर्ने वा भ्रमण गर्न अभिप्रेरित गर्ने विशेषतायुक्त ऐतिहासिक, पुरातात्विक एवं धार्मिक स्थल; साहसिक खेल गतिविधि स्थल, पदमार्ग, विशिष्ट प्राकृतिक सम्पदा दृश्यावलोकन, कृषि पकेट क्षेत्र, अनुकूल हावापानी, वनभोज स्थल, व्यायाम तथा खेलकूद स्थल, ग्यालरी एवं सङ्ग्रहालय, कोसेली घर, पारिवारिक वा सामुदायिक पाहुना कक्ष/पाहुना घर (Homestay), प्रदर्शनीकक्ष, पर्यटन सूचना केन्द्र, संकेत चिन्ह, पर्यटक गाइड, सञ्चार, स्वास्थ्य सेवा, पिउने पानी, सरसफाई, सुरक्षा, समुदायमा आधारित स्थानीय संघ-संस्था (CBOs) जस्ता वस्तु, सेवा र सुविधाले युक्त परम्परागत गाउँ ।

मा. अध्यक्ष

४. आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट प्रक्रिया :- गाउँपालिकाहरूले देहायको विवरण खुलाई आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँका लागि प्रस्ताव तयार गरी सम्बन्धित जिल्ला समन्वय समितिमा पेश गर्नुपर्ने छ ।

(क) दफा ३ बमोजिमको आधारमा के के वस्तु, सेवा र सुविधा उपलब्ध छ भन्ने विस्तृत विवरण खुलाउने,

(ख) प्रस्तावित आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँले कम्तिमा एउटा वडाको सबै टोल वा एक भन्दा बढी वडालाई समेट्न सक्ने,

(ग) प्रस्तावित आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको विकासको लागि सम्बन्धित गाउँपालिकाले सहकार्य र आगामी पाँच आर्थिक वर्षसम्म बहुवर्षीय आयोजना तथा कार्यक्रम सहलगानीको लागि प्रतिबद्धता जनाउने ।

५. जिल्ला समन्वय समितिले दफा ४ बमोजिमको प्रस्ताव पठाउन सबै स्थानीय तहलाई सूचनाद्वारा आह्वान गर्नेछ ।

६. जिल्ला समन्वय समितिले प्राप्त प्रस्तावहरूको मूल्याङ्कनका लागि जिल्ला समन्वय अधिकारीको अध्यक्षतामा सम्बन्धित क्षेत्रको विज्ञसहित बढीमा पाँच सदस्यीय मूल्याङ्कन समिति गठन गर्नेछ ।

७. दफा ४ बमोजिम प्राप्त प्रस्तावहरूलाई मूल्याङ्कन समितिले सूचक र अङ्कभार सहितको फारम तयार गरी सोही आधारमा मूल्याङ्कन गर्नेछ । आवश्यक परेमा सम्बन्धित स्थानको अवलोकन समेत गर्नेछ ।

८. मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरूको मूल्याङ्कनका आधारमा उत्कृष्ट देखिएका तीनवटा प्रस्तावलाई प्राथमिकता क्रममा राखेर जिल्ला समन्वय समितिको प्रमुख समक्ष पेश गर्नेछ ।

९. जिल्ला समन्वय समितिको बैठकले उत्कृष्ट तीन वटा प्रस्तावहरू मध्येबाट सर्वोत्कृष्ट एउटालाई जिल्लाको आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको रुपमा छनौट गरी सो को जानकारी प्रदेश सरकार र सम्बन्धित गाउँपालिकालाई दिनेछ ।

१०. प्रदेश सरकारले आ-आफ्ना प्रदेश अन्तर्गतका सबै जिल्लाबाट छनौट गरिएका जिल्ला स्तरीय आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँहरू मध्येबाट सूचक, अङ्कभार र स्थलगत अवलोकनका आधारमा एउटा प्रदेश स्तरीय नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट गरी सो को जानकारी पर्यटन विभाग, पर्यटन बोर्ड, सम्बन्धित जिल्ला समन्वय समिति र गाउँपालिकालाई दिनेछ ।

## योजना तर्जुमा र व्यवस्थापन

११. आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको रुपमा छनौट भएपछि प्रदेश सरकारले सम्बन्धित जिल्ला समन्वय समिति र गाउँपालिकाको समन्वयमा गुरुयोजना तर्जुमा गर्नेछ ।

१२. दफा ११ बमोजिम स्वीकृत गुरुयोजनाको आधारमा जिल्ला समन्वय समितिले सम्बन्धित गाउँपालिकाको समन्वयमा विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गरी स्वीकृत गर्नेछ । विस्तृत परियोजना प्रतिवेदनको आधारमा गाउँपालिकाले नमूना सांस्कृतिक सम्पदा गाउँको कार्यक्रम सञ्चालन गर्नेछन् ।

मा. अध्यक्ष

१३. प्रदेश स्तरीय आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको हकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति महाशाखा र पर्यटन विभागले सम्बन्धित गाउँपालिकाको समन्वयमा गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गरी स्वीकृत गर्नेछ ।

१४ आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको लागि बजेट तथा स्रोतको व्यवस्थापन सम्बन्धित गाउँपालिका, जिल्ला समन्वय समिति र प्रदेश सरकारको लागत सहभागिताको आधारमा व्यहोर्नु पर्नेछ ।

१५ आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँलाई पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी आयोजना कार्यविधि बमोजिम स्वतः योग्य मानिनेछ ।

१६ आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँलाई लागत साझेदारीमा गणना गरिनेछ ।

१७ आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित गाउँपालिकाबाट हुनेछ । प्रदेश सरकार र जिल्ला समन्वय समितिले अनुगमन र मूल्याङ्कन गर्नेछ । संस्कृति महाशाखा, पर्यटन विभाग र नेपाल पर्यटन बोर्डले पनि आवश्यकता अनुसार यस्ता गाउँको अनुगमन गर्नेछ ।

१८ आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको पूर्वाधार तथा वस्तु विकास गुरुयोजना कार्यान्वयनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सम्बन्धित गाउँपालिकाले उपभोक्ता समिति गठन गर्नेछ ।

१९ आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको प्रबर्धन तथा बजारीकरण नेपाल पर्यटन बोर्ड र प्रदेश सरकारबाट हुनेछ । प्रदेश सरकारले आवश्यक पर्ने प्राविधिक सहयोग सम्बन्धित गाउँपालिका मार्फत उपलब्ध गराउनेछन् ।

**व्यवस्थापन समिति सगठन, काम, कर्तव्य र अधिकार**

२०.आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको उचित व्यवस्थापन गरी पर्यटन प्रबर्धनका माध्यमबाट आय आर्जन र स्वरोजगारको अवसर सिर्जना गर्न तथा परम्परागत मौलिक संस्कृति संरक्षण गर्नका लागि देहायको व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) सम्बन्धित पालिकाको प्रमुख– अध्यक्ष

(ख) सम्बन्धित वडा अध्यक्ष– उपाध्यक्ष

(ग) स्थानीय बुद्धिजीवी, पर्यटन व्यवसायी र संस्कृतिविद्बाट अध्यक्षले मनोनित गरेको कम्तिमा २ महिला सहित ३ जना– सदस्य

(घ) सम्बन्धित जिल्लाको उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि– सदस्य

(ङ) सम्बन्धित वडाको वडा स्तरीय महिला समूहको प्रतिनिधि– सदस्य

२१.दफा २० बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको समग्र व्यवस्थापन तथा सञ्चालन गर्ने,

(ख) प्रदेश र स्थानीय सरकारसँगको सम्पर्क, सहयोग परिचालन र समन्वय गर्ने,

(ग) गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदनका आधारमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,



मा. अध्यक्ष

(घ) विज्ञहरूको सहयोगमा परम्परागत ज्ञान, सीप र विशिष्ट प्रविधिमा आधारित उत्पादन र रैथाने वस्तुको संरक्षण तथा बजारीकरण सम्बन्धी रणनीति तर्जुमा र कार्यान्वयन गर्ने,

(ङ) आवश्यकता अनुसार उपभोक्ता समिति गठन गर्ने,

(च) बजारीकरण र प्रबर्धन कार्यको लागि नेपाल पर्यटन बोर्डको सेवा लिने,

(छ) भौतिक अभौतिक सांस्कृतिक सम्पदा संरक्षणका माध्यमबाट पर्यटन प्रबर्धन गरी आय आर्जन बृद्धि गर्ने योजना र कार्यक्रम बनाउने,

(ज) आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको सरसफाई व्यवस्थापन, सेवाको गुणस्तरीयता सुपरिवेक्षण, वातावरण संरक्षण, पर्यटकीय सुरक्षा, पर्यटकीय वस्तु वा पूर्वाधारको मर्मत संभार लगायतका कार्य गर्न सरकारी, निजी, गैरसरकारी र सामुदायिक संस्थाहरूको सहयोग परिचालन गर्ने,

(झ) आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको भ्रमण प्याकेज बिक्री वितरण तथा प्रबर्धन गर्न स्थापित ट्राभल एजेन्सीको समेत सहयोग लिन सकिने छ ।

(ञ) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) को प्रादेशिक शाखा कार्यालयहरूसँगको समन्वयमा आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने,

(ट) आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको समग्र सांस्कृतिक पक्षको संरक्षण तथा पर्यटकीय प्रबर्धनका सम्बन्धमा पृष्ठपोषण (feedback) लिने ।

(ठ) प्रत्येक आर्थिक वर्षको गतिविधि झल्काउने प्रतिवेदन तयार गरी पर्यटन विभाग, पर्यटन बोर्ड सम्बन्धित प्रदेश सरकार र जिल्ला समन्वय समितिमा बुझाउने,

(ड) प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिनाभित्र आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाउँको सम्पूर्ण आर्थिक क्रियाकलापको लेखापरीक्षण गराउने ।

## परिच्छेद ३
## जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय

### स्थापना, सञ्चालन

२२. व्यापक बसाइँसराई, पेशा व्यवसायमा रुपान्तरण, आधुनिकीकरण र विश्वव्यापीकरणका कारण परम्परागत मौलिक संस्कृतिहरू लोप भइरहेको परिस्थितिमा लोपोन्मुख अवस्थामा पुगेका भौतिक अभौतिक सांस्कृतिक सम्पदाहरूको पुनरोत्थान गरी पुस्तान्तरण प्रक्रियामा सघाउन तथा सांस्कृतिक पर्यटन प्रबर्धन गर्नका लागि सार्वजनिक-निजी साझेदारी नीति, २०७२ अनुरुप व्यवस्थापन र सञ्चालन हुने गरी संघीय स्तरको १ र प्रादेशिक स्तरका ७ वटा जातीय खुल्ला-जीवन्त सङ्ग्रहालयहरू (Ethnographic Open air-Living Museum) स्थापना र सञ्चालन गरिनेछ ।

२३. नेपालको नक्सा आकारको जमिनमा सबै जातजातीय समुदायको प्रतिनिधित्व हुनेगरी छुट्टाछुट्टै मौलिक परम्परागत संरचना निर्माण गरी उनीहरूको दैनिक जीवनशैली झल्काउने गतिविधि

मा. अध्यक्ष

सहितको संघीय स्तरको जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय काठमाडौंमा स्थापना र सञ्चालन गरिनेछ ।

२४ प्रादेशिक स्तरमा सम्बन्धित प्रदेशको नक्सा आकारको जमिनमा प्रदेशमा बसोबास गर्ने जातजातिहरूको प्रतिनिधित्व हुनेगरी छुट्टाछुट्टै मौलिक परम्परागत संरचना निर्माण गरी उनीहरूको दैनिक जीवनशैली झल्काउने गतिविधि सहितको जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय सञ्चालन गरिनेछ ।

२५ यस्ता सङ्ग्रहालयहरूमा लोपोन्मुख वा इतिहास बनेका गाउँबस्तीको नमूना संरचना निर्माण गरी तत्कालीन सामग्री वा प्रतिरुपहरू सङ्ग्रह गरी परम्परागत प्रविधि र कलाको प्रत्यक्ष प्रदर्शनी गरिनेछ । सङ्ग्रहालयका कर्मचारी वा स्वयंसेवकहरू इतिहास नै वर्तमानमा रुपान्तरण भएको झल्को दिने गरी परम्परागत भेषभूषा र हाउभाउमा प्रस्तुत हुनेछन् ।

२६ सङ्ग्रहालयमा तत्कालीन समाजको इतिहास, राजनीति, प्रशासन, साहित्य, कला आदि झल्काउने अध्ययन सामग्री सहितको पुस्तकालय, सूचना केन्द्र, कोसेली घर, पाहुना घर, जातीय परिकार पाइने भान्सा घर, प्रदर्शनी कक्ष तथा सभा हल, प्रशासनिक भवन, गोदाम घर, सुरक्षा गार्ड वार्ड, प्राथमिक उपचार कक्ष, पाटीपौवा, चौतारी, प्रतिक्षलय, बाल उद्यान र सवारी पार्कको व्यवस्था गरिनेछ । यस प्रकारको सङ्ग्रहालयले एकातिर आदिवासी जनजाति लगायतका सबै समुदायको परम्परागत लोपोन्मुख संस्कृति संरक्षणमा योगदान पुऱ्याउनेछ भने अर्कोतर्फ विद्यार्थी र अध्ययन अनुसन्धानकर्ताका लागि खुल्ला शिक्षालयको रुपमा सेवा प्रदानमा मद्दत गर्नेछ ।

## निर्देशक समिति र व्यवस्थापन समिति

२७. संघीय स्तरको जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय (National Ethnographic Open air-Living Museum) को सञ्चालन र व्यवस्थापनका लागि देहाय बमोजिमको निर्देशक समिति र व्यवस्थापन समिति गठन गरिनेछ ।

(१) निर्देशक समिति :-

(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री– संयोजक

(ख) आदिवासी जनजाति अयोगको सदस्य– सदस्य

(ग) राष्ट्रिय योजना आयोगको सदस्य– सदस्य

(घ) त्रिभुवन विश्वविद्यालयको उपकुलपति– सदस्य

(ङ) अर्थ सचिव– सदस्य

(च) पर्यटन सचिव– सदस्य

(छ) पुरातत्व विभागको महानिर्देशक– सदस्य

(ज) नेपाल पर्यटन बोर्डको प्रमुख कार्यकारी अधिकृत– सदस्य

(झ) संस्कृति महाशाखाको सहसचिव– सदस्य सचिव

(२) व्यवस्थापन समिति :- अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कुनै एक पदमा आदिवासी जनजाति समुदायको महिला रहने गरी देहाय बमोजिमको व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) सम्बन्धित विषय क्षेत्रको लब्ध प्रतिष्ठित व्यक्ति– अध्यक्ष

(ख) सम्बन्धित विषय क्षेत्रको लब्ध प्रतिष्ठित व्यक्ति– सचिव



मा. अध्यक्ष

आदिवासी जनजाति आयोग

(ग) सम्बन्धित विषय क्षेत्रको लब्ध प्रतिष्ठित व्यक्ति– कोषाध्यक्ष

(घ) दुई जना महिला सहित चार जना– सदस्य

२८. प्रादेशिक स्तरको जातीय खुल्ला-जीवन्त सङ्ग्रहालय (Provincial Ethnographic Open air-Living Museum) को सञ्चालन र व्यवस्थापनका लागि सम्बन्धित प्रदेशमा स्थायी बसोबास गर्ने लब्ध प्रतिष्ठित विषय विज्ञहरूको सहभागिता हुनेगरी र अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कुनै एक पदमा आदिवासी जनजाति समुदायको महिला रहने गरी देहाय बमोजिमको व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) लब्ध प्रतिष्ठित व्यक्ति– अध्यक्ष

(ख) आदिवासी जनजाति समुदायको लब्ध प्रतिष्ठित व्यक्ति– सचिव

(ग) आदिवासी जनजाति समुदायको लब्ध प्रतिष्ठित व्यक्ति– कोषाध्यक्ष

(घ) एक जना महिला सहित दुई जना– सदस्य

२९. दफा २७ र २८ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय अनुरुप हुनेछन् ।

(क) जातीय खुल्ला-जीवन्त सङ्ग्रहालयको समग्र व्यवस्थापन तथा सञ्चालन गर्ने,

(ख) संघीय, प्रादेशिक र स्थानीय सरकारसँगको सम्पर्क, सहयोग परिचालन र समन्वय गर्ने,

(ग) सङ्ग्रहालयको गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पदेशको संस्कृति हेर्ने मन्त्रालयसँग समन्वय गरी सोही आधारमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(घ) आवश्यकता अनुसार उपभोक्ता समिति गठन गर्ने,

(ङ) बजारीकरण र प्रबर्धन कार्यको लागि नेपाल पर्यटन बोर्डको सेवा लिने,

(च) सङ्ग्रहालयको माध्यमबाट आदिवासी जनजातीय समुदायको सांस्कृतिक सम्पदा संरक्षण गरी शैक्षिक तथा पर्यटकीय गतिविधि बढाउने योजना र कार्यक्रम बनाउने,

(छ) सङ्ग्रहालय क्षेत्रको सरसफाई व्यवस्थापन, सेवाको गुणस्तरीयता सुपरिवेक्षण, वातावरण संरक्षण, सुरक्षा, पूर्वाधारको मर्मत संभार लगायतका कार्य गर्न सरकारी, निजी, गैरसरकारी र सामुदायिक संस्थाहरूको सहयोग परिचालन गर्ने,

(ज) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) सँगको समन्वयमा सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने,

(झ) सङ्ग्रहालयको समग्र सांस्कृतिक पक्षको संरक्षण तथा पर्यटकीय प्रबर्धनका सम्बन्धमा पृष्ठपोषण (feedback) लिने ।

(ञ) प्रत्येक आर्थिक वर्षको गतिविधि झल्काउने वार्षिक प्रतिवेदन तयार गरी संघीय सङ्ग्रहालयले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पर्यटन बोर्डमा साथै प्रादेशिक सङ्ग्रहालयहरूले पर्यटन विभाग, पर्यटन बोर्ड र सम्बन्धित प्रदेश सरकारमा बुझाउने,

(ट) प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिनाभित्र सङ्ग्रहालयको सम्पूर्ण आर्थिक क्रियाकलापको लेखापरीक्षण सम्पन्न गर्ने ।

(ठ) Cultural Audit गर्ने ।

मा. अध्यक्ष